फोन नं. : ०६७-४३०१०२/१०३

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानीगाउँ, पर्वत

# विज्ञप्ती

नोवेल कोरोना भाईरस (COVID-19) को महामारी नियन्त्रण र रोकथामको लागि नगर कार्यपालिकाको आजको वैठकले नेपाल सरकारले घोषणा गरेको लकडाउनको समिक्षा गर्दै महत्वपूर्ण निर्णय गऱ्यो । उक्त वैठकबाट लकडाउनलाई थप प्रभावकारी वनाउन अन्य क्षेत्रवाट नगरपालिकामा प्रवेश गर्ने नाकाहरुमा स्वयंसेवक समेत परिचालन गरी थप कडाई गर्ने, अत्यावश्यक कामकाज वाहेक अन्तर वडाको आवतजावतलाई रोक लगाउने, क्वारेन्टाईनमा वसेका ८ जना व्यक्तिको स्वास्थ्य चेकजाँचका लागि जिम्मेवारी तोक्ने, असंगठित क्षेत्रमा काम गर्ने मजदुर र असहायको राहात वितरणको मापदण्ड पारित गर्ने, वडा कार्यालय मार्फत खरिद गरी वितरण हुने राहात सामाग्रीको अधिकतम मूल्यसूची कायम गर्ने, लकडाउनको प्रभावकारी कार्यान्वयनको लागि प्रहरी चौकी देविस्थान, कार्किनेटा, पिप्ले, वाच्छा र भंगरालाई प्रोत्साहन स्वरुप रु.१ लाख ४० हजार र धुलिखेल अस्पताललाई रु.३० हजार उपलव्ध गराउने, नोवेल कोरोना भाइरसको महामारीलाई रोक्न नगरका सवै संयन्त्रहरु अझ थप प्रभावकारी रुपमा परिचालन गर्ने निर्णय गरियो ।

अन्त्यमा, विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणलाई नियन्त्रण गर्न नेपाल सरकार एंव नगर कार्यपालिकाले अगाडी सारेको रणनीतिमा नगरवासी, जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक, निजि क्षेत्र र नागरिक समाजलाई आ-आफ्नो क्षेत्रवाट सहयोग गर्न हार्दिक अपिल गर्दछौं ।

मिति : २०७६ साल चैत्र २४ गते

पदमपाणी शर्मा
नगर प्रमुख

Phone no: 067-430102/430103/430104
Website : www.phalewasmun.gov.np, Email : phalewashnagarpalika@gmail.com